# जनकनन्दिनी गाउँपालिका

## बार्षिक गाउँ विकास योजना

### आ.व. २०७४।०७५

(जनक नन्दिनी गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४।०७५ को नीति, कार्यक्रम तथा बजेट, सभाका निर्णयहरु एवं गाउँपालिका सम्बन्धि संक्षिप्त जानकारी)




**प्रकाशक**

जनक नन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरीचन्हा, धनुषा

प्रमुख : सम्पर्क नं. ९८०८६१८५०५
उपप्रमुख : सम्पर्क नं. ९८१५८१८६६०
प्र.प्र.अ. सम्पर्क नं. ९८०१६६५०७६

Scanned with CamScanner

# जिल्ला समन्वय समितिको कार्यालय

प्रदेश नं. २, धनुषा



**रामदेव बनरैत यादव**

जिल्ला समन्वय समिति धनुषा, प्रमुख

## शुभकामना

गा.पा. प्रमुख श्री अब्दुल वारीक शेषज्यू :
उपाध्यक्ष, वडा अध्यक्षहरु, गा.पा. सभा सदस्यहरु,
प्रमुख प्रशासकिय अधिकृत एवं कर्मचारीहरु, अतिथीहरु,
दाजुभाई, दिदीवहिनीहरु,
जय नेपाल ।

जनक नन्दिनी गाउँ पालिकाको प्रथम गाउँ सभाबाट पारित आर्थिक वर्ष २०७४।०७५ को निती, बजेट, योजना तथा कार्यक्रम सभाका निर्णय एवं गाउँपालिका सम्बन्धी संक्षिप्त जानकारी सहितको पुस्तिका प्रकाशन गर्न लागेकोमा साह्रै खुशी लागेको छ ।

सार्वभौमसत्ता सम्पन्न मुलुक नेपालको ईतिहासको विभिन्न कालखण्डमा भएका आन्दोलन र संघर्षहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलनवाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई नेपाली जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभती गरिरहेका छन् । यसमा जनकनन्दिनी गा.पा. वासीहरुको समेत अर्थपुर्ण योगदान र भुमिका रहेको देखिन्छ ।

लामो प्रतिक्षा पछि नेपाली जनताले आशा गर्दै आएका उपलब्धि स्वरुप दोस्रो संविधान सभाको निर्वाचनबाट जारी नेपालको संविधानको कार्यान्वयन जटिल र चुनौतीपुर्ण भएपनि तीन चरणमा भएको स्थानीय तहको निर्वाचन एवं दुई चरणको प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनसँगै जनताको भावना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको कार्यान्वयनले सफलता पाएको छ ।

जनक नन्दिनी गाउँपालिकाले नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार प्रयोग गरी आफ्नो भविष्य उज्वल र सम्भावनायुक्त वनाउने सोचका साथ प्रथम गाउँ सभा सम्पन्न गरी रहँदा सिंहदरबारको अधिकार स्थानीय तहमा वास्तविक रुपमा सरेको अनुभुती गरेको छु ।


राजनैतिक आन्दोलनवाट प्राप्त सवै खाले अधिकारलाई नेपालको संविधानले संस्थागत गरीसकेको अवस्थामा जनक नन्दिनी गाउँपालिकावासीको चाहना र भावनालाई केन्द्रविन्दुमा राखी तया पारिएको नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन पक्षलाई प्रभावकारी वनाउन पारदर्शिता, सहभागिता जस्ता विषयहरुलाई प्राथमिकताका साथ अवलम्बन गरिएकोमा जनक नन्दिनी गाउँपालिकाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारी प्रति धन्यवाद व्यक्त गर्दै सफलतामा समेत पूर्ण योगदान रहने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

..............................

रामदेव बनरैत यादव

Scanned with CamScanner

**अब्दुल वारीक शेष**
**जनकनन्दिनी गाउँपालिका, अध्यक्ष ।**



**<u>शुभकामना</u>**



**अब्दुल वारीक शेष**
ज.न.गा.पा. खजुरी, धनुषा
अध्यक्ष

जनकनन्दिनी गाउँपालिकाले सहभागीता मुलक पद्धतीबाट आर्थिक वर्ष २०७४।०७५ को कार्यक्रम तथा योजना तर्जुमा समपन्न गरी सवैको जानकारीको लागि सार्वजनिकीकरण गर्न लागेकोमा जनकनन्दिनी गाउँपालिकाका सबै पदाधिकारी, कर्मचारी तथा गा.पा. वासी प्रति सहर्ष बधाई ज्ञापन गर्दछु ।

जनकनन्दिनी गाउँपालिकाको प्रथम गाउँ सभावाट पारित आर्थिक वर्ष २०७४।०७५ का निती, वजेट, योजना तथा कार्यक्रम एवं सभाको निर्णयहरु सरासर हेर्दा जनकनन्दिनी गाउँ पालिकाको भावनालाई समेट्न खोजेको देखियो । यसमा गाउँ कार्य पालीकाको भवन निर्माण देखि लिएर पूर्वाधार निमार्ण, महत्वपूर्ण ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षण लगायत आर्थिक सामाजिक विकास देखी विपन्न वर्गको क्षमता विकास, सिप विकास, रोजगारी प्रवर्द्धन गर्ने कार्यक्रमका साथै वालवालिका, यूवा, जेष्ठनागरीक, महिला, दलित, अपाँग लगायत सबै वर्ग समुदायको आवश्यकता सम्बोधन गरिएको छ ।

विकास निरन्तर चलिरहने प्रक्रिया भएपनि प्रस्तुत योजना तथा कार्यक्रमको सफल कार्यान्वयन भएमा जनकनन्दिनी गाउँपालिका बासीले सरकावाट अपेक्षा गरेको चाहना निकै हदसम्म पुरा हुने भएकोले योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा जनकनन्दिनी गाउँपालिकाका सम्पूर्ण पदाधिकारी, कर्मचारी, नागरीक समाज, सरकारी, गैरसरकारी निकाय, स्थानीय प्रशासन, प्रहरी, दातृ निकाय, नेपाल सरकार, करदाता लगायत सब गाउँबासीबाट अमुल्य योगदान रहने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु । साथै जनकनन्दिनी गाउँपालिकाको चौतर्फी विकासको लागि आफु सदैब जनकनन्दिनी गउँपालिका वासीको साथ रहने विश्वास समेत दिलाउन चाहन्छु ।

अब्दुल वारीक शेष
ज.न.गा.पा. खजुरी, धनुषा
अध्यक्ष

Scanned with CamScanner



**कुलानन्द झा**
**प्रमुख प्रशासकिय अधिकृत**

# पुस्तकका बारेमा

जनकनन्दिनी गाउँपालिकाको प्रथम ऐतिहासिक गाउँ सभामा सघन छलफल भई पारित आर्थिक वर्ष २०७४।०७५ को नीति, वजेट, योजना तथा कार्यक्रम एवं सभाका निर्णयहरु र गाउँपालिका सम्वन्धी संक्षीप्त जानकारी समेटिएको सँगालोको रुपमा यो पुस्तक तयार पारिएको हो ।

योजना छनौटको क्रममा जनक नन्दिनी गाउँपालिकाको टोल, वस्तीस्तरमा योजनाको माग संकलन, वडा स्तरमा प्राथमिकता निर्धारण, विभिन्न समितिको सिफारिश, गाउँ कार्यपालिकामा छलफल एवं गाउँ सभाबाट बजेट, योजना तथा कार्यक्रम पारित हुँदा जनस्तरको मागलाई सकेसम्म सम्वोधन गर्ने प्रयास गरिएको छ। यसमा निर्वाचित जनप्रतिनिधिज्यूहरुको अथक परिश्रम रहेको छ भने कर्मचारीहरुले सघाएको छ। श्रोतको सीमितताले कतिपय योजना तथा कार्यक्रम समावेश हुन सकेका छैनन्। गाउँपालिकावाट सम्पादन हुन नसक्ने योजनाहरु सञ्चालनार्थ अन्य निकायमा अनुरोध गर्ने नीति लिइएको छ ।

प्रस्तुत पुस्तकले योजना तथा कार्यक्रमहरुको पारदर्शिता कायम गर्न र सरोकारवालाहरुको सुसूचित हुने अधिकार को सम्मान गर्नुका साथै जिम्मेवार बनाई कार्यान्वयन तहसम्म लैजान उपयोगी हुने विश्वास गाउँपालिकाले लिएको छ ।

पारित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि निर्वाचित जनप्रतिनिधि, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं निजी संघ, संस्था, दातृ निकाय, पेशागत एवं वर्गीय संघ संगठन, संचारकर्मी, राष्ट्र सेवक कर्मचारी सबैबाट सकारात्मक सहयोग र योगदानको अपेक्षा गरिएको छ ।

धन्यवाद ।

कुलानन्द झा
प्रमुख प्रशासकिय अधिकृत
जनक नन्दिनी गाउँपालिका
खजुरीचन्हा, धनुषा

Scanned with CamScanner

# जनक नन्दिनी गाउँपालिका

भौगोलिक क्षेत्र : तराई    प्रदेश नं. : २    जिल्ला : धनुषा

गाउँपालिकाको नाम : जनक नन्दिनी गाउँपालिका
समावेश भएका साविक गा.वि.स. र वाडा हरु क्रमश: वडाहरु ईनर्वा, बलहागोठ, प्रखे महुवा, खजुरीचन्हा, पतनुका र बलहा कठाल


जनसंख्या : २६२६८
प्रस्तावित केन्द्र : परसाहा चौर (खजुरीचन्हा-४)
क्षेत्रफल : २६.६२ वर्ग कि.मी.
वडा संख्या : ६

सीमाना :
पूर्व : जिल्ला सिरहा र भारत
उत्तर : कमला न.पा.
पश्चिम : विदेह न.पा.
दक्षिण : भारत

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गाविस/नपाहरु | साविक वडा नं. | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | इनर्वा | १ देखि ९ सम्म | ३३३७ | | |
| २ | बलहागोठ | १ देखि ९ सम्म | ४२८३ | | |
| ३ | प्रखे महुवा | १ देखि ९ सम्म | ५७८२ | | |
| ४ | खजुरीचन्हा | १ देखि ९ सम्म | ५९७४ | | |
| ५ | पतनुका | १ देखि ९ सम्म | ३४८७ | | |
| ६ | बलहा कठाल | १ देखि ९ सम्म | ३४०५ | | |
| | | | | | |

Scanned with CamScanner




Scanned with CamScanner

# जनकनन्दिनी गाउँपालिकाको नक्शा




Scanned with CamScanner

# जनक नन्दिनी गाउँपालिका उपाध्याक्ष भारती कार्की ज्यूबाट प्रस्तुत जनक नन्दिनी गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४।०७५ को नीति बजेट तथा कार्यक्रम एवं सभाको निर्णय सम्बन्धी

## संक्षिप्त बक्तव्य

जनक नन्दिनी गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित आ.व. २०७४।०७५ को नीति, बजेट तथा कार्यक्रम एवं सभाका निर्णहरु सार्वजनिकीकरण समारोहका प्रमुख अतिथि जिल्ला समन्वय समिति, धनुषाको अध्यक्ष श्री रामदेव यादवज्यू,

विशिष्ट अतिथिको रुपमा मञ्चासिन २ नं. प्रदेशका पूर्व सभासद श्री दिनेश प्रसैलाज्यू,

विशिष्ट अतिथिको रुपमा मञ्चासिन २ नं. प्रदेशका मनोनित प्रदेश सभा सदस्य श्रीमती सस्वती चौधरीज्यू,

खजुरीचन्हा, धनुषा इलाका प्रहरी उपरीक्षकज्यू,

खजुरीचन्हा, सशस्त्र बल प्रहरी उपरीक्षकज्यू,

धुनषा जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रमुखज्यूहरु,

जिल्ल शिक्षा कार्यालयका श्रोत व्यक्ति श्री राम स्वरुप यादवज्यू,

धनुषा जिल्ला का विभिन्न गाउँपालकाका अध्यक्षज्यूहरु,

विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु

विभिन्न सरकारी निकायका प्रमुखज्यूहरु,

नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्षज्यू,

क्याम्पस तथा विद्यालयका प्रमुखज्यूहरु,

विभिन्न गैरसरकारी संघसंस्थाका प्रमुखज्यूहरु,

विभिन्न पेशागत संघ संगठनका अध्यक्षज्यूहरु,

साविक छ वटै गाविसका पुर्व अध्यक्षज्यूहरु,

आमन्त्रित अतिथिज्यूहरु,

महिला, बालवालिका, आदिवासी, जनजाति, पिछडा वर्ग, मुस्लिम, अपांगता भएका व्यक्ति, दलित लगायत विभिन्न वर्ग समुदायका प्रतिनिधिज्यूहरु,

नागरिक समाजका अगुवाहरु,

विभिन्न संचार माध्यमका प्रतिनिधिज्यूहरु,

लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,



Scanned with CamScanner

## जनक नन्दिनी गाउँपालिकाको प्रथम ऐतिहासिक गाउँसभा आ.व. २०७४/०७५ को लागी पेश भएको नीति, कार्यक्रम तथा वजेट

यस समारोहका सभापति ज्यू, प्रमुख अतिथि ज्यूहरु, नगरपालिका तथा गाउँपालिकाका प्रमुख ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, सुरक्षा निकायका प्रमुख ज्यूहरु, कार्यालय प्रमुख ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, सभा सदस्य ज्यूहरु, गैरसरकारी संस्थाका प्रमुख ज्यूहरु, नागरीक समाज , पत्रकार ज्यूहरु साथै उपस्थित सम्पूर्ण दिदी बहिनी तथा दाजु भाईहरु । जनक नन्दिनी गाउँपालिकाको प्रथम एतिहासिक सभामा आ.व. २०७४/०७५ को नीति, वजेट तथा कार्यक्रमको सार्वजनिकीकरणका लागी हाम्रो निमन्त्रणालाई स्वीकार्य गरी उपस्थित हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण अवसरमा लोकतन्त्र प्राप्तिका लागी सहादत प्राप्त हुने ज्ञात अज्ञात सहिद प्रति हार्दिक सम्मान र श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालमा संघिय गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगीकार गरी संघ प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । २०७४ असोज २ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा जनताद्धारा निर्वाचित भई यस गाउँपालिकामा लामो समयदेखि जनप्रतिनिधिहरु विहिन्ताको अन्त्य भएको छ । यस अवसरमा हामीलाई विजय गराई जिम्मेवारी दिनु हुने सम्पूर्ण आदरणीय मतदाताज्यूहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

### सभाका सदस्य एवं उपस्यित महानुभावहरु,

### जनक नन्दिनी गाउँपालिकाको संक्षिप्त परिचय

"सफा सुन्दर अप्पनं जनक नन्दिनी" गाउँपालिका धनुषा जिल्लाको सदरमुकाम जनकपुर देखि करिव २० कि.मि. पूर्व तर्फ महर्षि राजा जनक सुपुत्री माँ सीताकी पवित्र भूमी यस जनक नन्दिनी गाउँपालिका खजुरी चन्हाको पावन भूमी हो । यस गा.पा. मा कुल ४,९६० घरधुरी छन् यसको साक्षरता अवस्था पुरुष ३८.९१% र महिला १६.४२ प्रतिशत रहेको छ । समग्रमा साक्षरताको अवस्या राम्रो देखिएको भन्न सकिन्न । यसमा खास गरी यादव, केवट, दुसाध, मुसहर, चमार, मुस्लिम, एवं पहाडी व्राह्मण आदि जातीका बढी पर्दछन् जो केही मात्रामा सरकारी नोकरी/बैदेशीक रोजगारमा विदेशिएका छन् भन्ने अधिकाँश कृषि/ज्याला मजदुरी गर्दछन् । जसको घरघडेरी छैन उनी शिक्षा र चेतनाबाट टाढा छन् । यसमा खास गरेर दर्जनौ घरधुरी दलितको पर्दछन् ।

सामाजिक सहिस्णुता एपं सदभाव कायम राख्नमा यहाँका संघसंस्थाले सकारात्मक भूमिका खेलेंका छन् तथापी दाइजो प्रथा,वालविवाह लेनदेनको व्यवहार कायम रहेको पाइन्छ। स्वास्थ्य सेवाको क्रममा स्थानीय स्वास्थ्य चौकीको निर्भरता र कडा रोग लागेमा भारततिर स्वास्थ्य उपचारको लागी बाध्य भएका छन् ।

### विद्यमान अवस्याको समिक्षा :-

**सवल पक्ष :-** यस गाउँपालिकाको सवल पक्षमा पर्यटकिय क्षेत्रका हिसाबले अतिनै उपर्युक्त ठाउँ रहेको छ । धार्मिक हिसावले लक्ष्मी नारायण मन्दिर, रामसीताको पवित्र मन्दिर, काली मन्दिर लगायत ऐतिहासिक मठमन्दिरहरु एवं मदरसाहरु छन् । रंगशाला र म्यूजियम बनाउने प्रचुर संभावनाहरु छन् । यातायातको क्षेत्रमा नेपालमा मात्र एक रेल्ने मार्ग निकट भविष्यमा संचालन हुने अवस्थामा छ ।



**दुर्बल पक्ष :-** रेल्वे मार्गको विकल्पमा रहेको हुलाकी राजमार्गको पूर्वाधारको विकासमा विगतका विनाशकारी बाढीपहिरोको कारणले यातायातमा सर्वसाधारणको पहुँचको कमी देखिन्छ ।

समग्रमा साकारात्मक उपलब्धि हुँदाहुदै पनि अर्थतन्त्रमा देखिएका चुनौतीहरु यसप्रकार प्रस्तुत गरेको छु ।

आयोजनाको अधुरो तैयारी कमजोर व्यवस्थापकीय क्षमता वित्तिय र प्राविधिक क्षेत्रको कमी कानूनी र नीतिगत प्रक्रियाको जटिलता यसै गरी निजी र सहकारी क्षेत्रको लगानी र सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्ने चुनौती छ। यसै गरी सक्षम सुपरिवेक्षण र सघन अनुगमनको अभावले निर्माण भएका संरचनाहरु छोटो समयमा जिर्ण हुन गएको छ । सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गनुपर्ने र दोहोरो तेहोरो खर्च रोक्नुपर्ने कार्य चुनौती पूर्ण छ ।

हाम्रो सामु विभिन्न चुनौतीहरु रहे तापनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्नेगरी आर्थिक वर्ष २०७४/०७५ को वजेट तयार गरेको छु ।

### आदरणीय प्रमुख अतिथि एवं महानुभावहरु :-

जनक नन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को नीति कार्यक्रम तथा वजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको छु ।

- नेपालको संविधानको भाग ( ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली
- नेपालको संविधानको अनुसूची ८ बमोजिम कर लगाउन पाउने क्षेत्र
- चौधौं त्रिवर्षीय योजना
- स्थानीय सरकार संचालन ऐन, २०७४
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको श्रोत र वजेट अनुमान

### विकास सँग समसामयिक मुद्दाहरु निम्नानुसार छ

समाजिक संरक्षण, दीगोविकास, जलवायु परिवर्तन र विशिष्ट व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीयशासन र वातावरण, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट तथा अन्य सम्वन्धित विषयहरु

- स्थानीय परिस्थिति अनुसार यस जनक नन्दिनी गाउँपालिकाको आवश्यक विषयहरु

### आदरणीय प्रमुख अतिथि लगायत उपस्थित महानुभावहरु

अब म यस गरिमामय सभा समक्ष आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम एवं वजेट तर्जुमा लिएका प्राथमिकताहरुको संक्षिप्त रुपमा प्रस्तुत् पार्ने अनुमति चाहन्छु। विस्तृत विवरण पछि पुस्तकमा प्रकाशित गर्नेछु ।

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ,



Scanned with CamScanner

- उत्पादनमुलक र छिटोप्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भै जनसहभमगिताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- दिगोविकास र वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- मिथिला कला र संस्कृतिको पहिचान गर्ने प्रवद्धन गर्ने,
- स्थानीय नागरिकको योगलाई सम्बोधन गर्ने,
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आयआर्जन गर्न तथा रोजगारीकमा वृद्धिगर्ने,

**उपस्थित महानुभावहरु,**

माथि उल्लेखित प्राथमिकीकरणका आधारमा जनक नन्दिनी गाउँपालिकाले आ.व. २०७४/०७५ को लागि तय भएका प्रमुख क्षेत्रगत नितीहरु प्रस्तुत गर्न चाहन्छु।

### १. आर्थिक विकास निती

#### १.१ कृषि तथा पशु तर्फ

- परम्परागत निर्वाहमुखि खेती प्रणालीलाई व्यावसायीक कृषि प्रणाली तर्फ उन्मुख गरिनेछ।
- आर्गानिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा यूवा स्वरोजगार कार्यक्रम संचालन गर्न सम्वन्धीत निकायमा पहल गरिनेछ।
- कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सबै खाले सहयोग गरिनेछ।
- उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरु संचालनमा विशेष पहल गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेको बजारहरुलाई व्यवस्थित गरि उचित व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्र उत्कृष्ट कृषि, माछा, पशुपालन फार्म निमार्णको लागि फार्म मार्फत खेति गरिने कृषकलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ।

#### १.२ उद्योग तथा वाणिज्य (Trade and Commerce)

- आयआर्जन वृद्धिका लागि सीप विकास तालिमको अवसर जुटाइ उद्यमशिलता विकासमा जोड दिईनेछ।
- गाउँपालिका क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना र ठूला उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ।
- समय समयमा व्यापार व्यवसाय मेला/महोत्सव आयोजना गराई सबै खाले व्यापार व्यसायको प्रवर्द्धन गरिनेछ।



- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको लागि अनुगमनलाई व्यवस्थीत बनाईनेछ।
- राज्यको समावेशी निती अनुसार प्राथमिकतामा परेको जाती तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गर्नेछ।
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि सबैखाले उद्योग धन्धा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरि स्थानीय श्रम, सिप र कच्चा पर्दाथमा आधारित लगानीलाई उच्च प्राथमिकता दिनेछ।
- गाउँपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न खालका उद्यम व्यवसायहरुको दर्ता तथा नियमन गर्नेछ।
- छिमेकी स्थानीय तहहरुसंगको समन्वयमा तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारिमा संचालन गर्ने र गर्नका लागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गर्नेछ।
- कालाबजारी,एकाधिकार,कृतिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यलाई पूर्ण रुपमा अन्त्य गर्दै व्यपारिक स्वक्षता र अनुशासन कायम गरि उपभोक्ताको हित संरक्षण गर्नेछ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थाबाट सहायता लिदा गाउँपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोग लाई एकमुष्ट वजेट ( द्यबकपभत ँगलम ) मा समावेश गरि सम्वन्धीत क्षेत्रमा नै उक्त सहयोग खर्च गर्नेछ।
- उद्योग क्षेत्रको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागी गाउँपालिकामा उद्योग विकास शाखाको स्थापना तथा संचालन गर्ने।

#### १.३ पर्यटन (Tourism)

- पर्यटक प्रवद्धनको लागि गाउँपालिकामा प्रमुख पर्यटकीय स्थलहरुको खोजी गरी पूर्वाधारको विकास गरिनेछ।
- गाउँपालिका भित्र रहेका सबै मठमन्दिर, मस्जिद सबैको अभिलेख तयार गरी संरक्षण तथा सुधारका कार्यक्रमहरु संचालन गरिने छ।

#### १.४ सहकारी,गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास नीति

- गरिबीको रेखा मुनी रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार, सहकारी संस्था र गैर सरकारी संघ संस्थाहरुको समन्व्य र साझेदारीमा आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। सहभागिताको माध्यमवाट गाउँपालिका क्षेत्रको गरिबी न्यूनीकरण एवम् सामाजिक पूँजी निर्माणका कमर्यक्रम संचालन गर्न जोड दिइनेछ।
- गरिबी निवारण कोष लगायत अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाबाट आयआर्जन वृद्धि गर्नको लागि प्राप्त हुने रकम सहकारीकरण गरी आयमूलक कार्यक्रममा परिचालन गर्न पहल गरिनेछ।
- गाउँपालिकामा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघसंस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी बनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराइनेछ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिका विकासमा आर्थिक एवं सामाजिक विकासमा अधिकत्तम परिचालन गर्नेछ।



Scanned with CamScanner

## २. सामाजिक विकास नीति

### २.१ शिक्षा (Education)

- सामुदायिक तथा संस्थागत विद्यालयबाट परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने छात्रछात्रा र आपांग मध्येबाट कम्तीमा ५ जनालाई दोहोरो नपर्ने गरी पुरस्कार उपलब्ध गराईने छ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरी साक्षरता शत प्रतिशत पुऱ्याउनको लागी पहल गरिनेछ ।
- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन जिल्लासँग निकाय तथा गै.स.स. हरुसँग समन्वय तथा सहकार्य गर्दै अनुगमन, मूल्यांकन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याउने छ ।
- प्राविधिक शिक्षा तथा उच्च शिक्षाको भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समेत समन्व्य गरी व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयको पूर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु सँग समन्वय गर ी व्यवस्थित गर्दै लगिने छ ।
- गाउँपालिका क्षेत्रभित्र विद्यालयहरुमा क्रमश: प्राविधिक शिक्षा समावेश गरी प्रार्थमिक तह देखि नै अंग्रेजी माध्यमद्वारा पठनपाठन गराउने कार्यको थालनी गरिने छ ।
- नेत्रहीन, सूस्त श्रवण, सूस्तमनस्थिति लगायत छुट्टै क्षमता भएकाहरुको लागि विशेष शिक्षा व्यवस्था गरिनेछ ।
- एक वडा एक पुस्तकालय स्थापना गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दी मिलान गरिने छ ।
- गाउँपालिका शिक्षा ऐन, नियम र योजनाको तर्जुमा गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिने छ ।

### २.२ स्वास्थ्य तर्फ

- स्वास्थ्य केन्द्र खजुरीमा यसै आ.व. देखि द्यष्चतजष्लन अभलतभच संचालन गरिने छ ।
- नेपाल सरकारबाट प्राप्त अनुदान र गाउँपालिकाको श्रोत साधनको अधिकत्तम उपयोग गरी गाउँपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक स्वरुप संस्थाहरुबाट नि:शुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाइने छ ।
- सबै गाउँपालिका वासीको स्वास्थ्य उपचारमा सहज पहुँचको लागि स्वास्थ्य वीमा कार्यक्रम थालनी गरी निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ ।
- “योग गरौं स्वस्थ्य वनौं” भन्ने भावना जागरण गराउन सबै वडामा योग केन्द्र स्थापना गर्ने कार्यको प्रारम्भ गरि ने छ ।
- खजुरी स्वास्थ्य चौकीलाई कम्तीमा १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नतिको लागि पहल गरिनेछ ।
- वहुक्षेत्रीय पोषण योजनालाई शसक्त रुपमा कार्यान्वयन गरी पौष्टिक खानाखाने बानी गराई कुपोषणलाई न्यून गरि ने कार्यक्रम संचालन गरिने छ ।
- सार्वजनिक निजी साझेदारी अभियान अन्तर्गत स्वास्थ्य सेवा संचालन तथा प्राथमिकता दिईनेछ ।



- स्वस्थकर मासु, फलफुल तथा तरकारी विकी वितरणको लागी मापदण्ड अनुसारको पसल संचालन गर्न लगाइने छ ।
- यस गाउँपालिका अन्तर्गत आकस्मिक स्वास्थ्य सेवा प्रयोजनका लागि एम्बुलेन्स (Ambulance) को व्यवस्था गरिनेछ ।

### २.३ खानेपानी तथा सरसफाई

- “खुला दिशालाई विदावारी, पूर्ण सरसफाईको यात्रा जारी” (End of Open Defecation, Start of Total Sanitation) भन्ने मूल नाराका साथ जनक नन्दिनी गाउँपालिकालाई यसै वर्ष खुल्ला दिशामूक्त गाउँपालिका घोषणा गरी पूर्ण सरसफाईको नमूना गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- स्वच्छ खानेपानी पहुँच कायम गर्न संभाव्यता अध्ययन गरी आरसेनिक जाँच गराइने छ ।
- सरसफाईको लागी मानिसहरुको बानी व्योहोरामा आमूल परिवर्तन (Total Behaviour Change) गर्न गाउँपालिका क्षेत्र भरी नै जनचेतना मूलक कार्यक्रमहरु संचालन गरी फोहोर फाल्ने भाडोको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको मुख्य चौक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणाहरुको विकास गरिने छ । यसमा निजी तथा अन्य क्षेत्रको सहयोगमा शौचालय व्यवस्थापन आवश्यक प्रवन्ध समेत मिलाइने छ ।
- ढल, नाला तथा ल्याण्डफिल साईट व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र नेपाल सरकारले तोकेको मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगलाई प्रतिवन्ध गरी सार्वजनिक निजी साझेदारी (घएक) मोडेलको अवधारणा अनुरुप वातावरणमैत्री झोला प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी जनचेतना अभिवृद्धि गर्दै “सफा सुन्दर अपन जनक नन्दिनी” को रुपमा विकास गरिनेछ । यसका लागि गाउँपालिका सबै वालक्लवहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु लगायत सम्पूर्ण सहयोगी शुभेच्छुकहरुको सहयोगमा सफा गाउँपालिका बनाउने कार्यको थालनी गरिनेछ ।

### २.४ समावेशीकरण/गरिबी निवारण तथा कला संस्कृतितर्फ

- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र ज्येष्ठ नागरीकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।
- वाल विकास केन्द्र खडा गरी आवश्यक पाठ्य सामग्री उपलब्ध गराइने छ ।
- यूवाहरुलाई सीपमूलक र व्यववसायिक तालिम प्रदान गरी स्वरोजगार बन्न अभिप्रेरित गरिने छ ।
- वालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्वन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइने छ । ज्येष्ठ नागरीकको सम्मान कार्यक्रमलाई अभिवृद्धि गरिदैं लगिने छ ।
- महिला, बालिका र अन्य लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ ।
- महिला तथा विपन्न वर्गको शसक्तिकरणका लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।
- “जनक नन्दिनीको चाहना (घर घरमा सहाना” भन्ने अभिप्रायले स्नातक उर्तीण गर्ने छोरी तथा बुहारीलाई प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिने छ ।



Scanned with CamScanner

- महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाती, दलित, मधेशी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, जेष्ठ नागरीकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमूलक एवं जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- यूवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरि साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिने छ।
- जेष्ठ नागरीक परिचय पत्र वितरण कार्य तत्काल आरम्भ गरिने छ।
- गाउँपालिका साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जर्गेना तथा विकास गरिनेछ।
- भूमीहीन किसानहरुको पहिचान गरी उचित व्यवस्थापनको लागि सबैखाले पहल गरिनेछ।
- गाउँपालिका बाल मैत्री, पूर्ण खोप, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिने छ।
- सबै खाले छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गरिने छ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ लक्षित समूहलाई सशक्तिकरण गरी माँगमा आधारित कार्यक्रमलाई अफ प्रभावकारी रुपमा संचालन गरिनेछ।

### २.५ मानव संशाधन विकास नीति

- गाउँपालिकामा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारीता ल्याउन गैर सरकारी संस्था डेस्क सुदृढीकरण गरी गाउँपालिकाको निर्माणमा गैरसरकारी संस्थाको भूमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ।
- गैरसरकारी संस्थासँग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रचावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### २.६ खेलकुद तर्फ

- गाउँपालिका भित्र रहेका मैदानमध्ये उपयुक्त खेल मैदानलाई क्षेत्रीयस्तरको अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न पहल गरिने छ।
- सबै वडामा कम्तीमा एक खेल मैदानको विकास गरी फुटवल, भलिबल, व्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय खेलकुद समितिको स्थापना गरिने छ।
- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना गरी यसलाई निरन्तरता दिईने छ।
- समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावना पैदा गराईने छ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाउने छ।



## ३. पूर्वाधार विकासनीति

### ३.१ सडक तथा पुल

- स(साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदैं मापदण्ड अनुसार महत्वपूर्ण सडकहरु निर्माण तथा मर्मतको लागि मर्मत संभार कोष खडा गरी प्राथमिकताका साथ निर्माण कार्य वढाईने छ।
- भौतिक पुर्वाधारहरु खडा गर्दा बाल, महिला अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिईनेछ। सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु संचालन गरिने छ।
- नेपाल सरकार, गाउँपालिका, प्रदेश सरकार तथा निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठूला पूर्वाधार निर्माण कार्य संचालन गरिने छ।
- गाउँपालिका भित्र योजना तयारीलाई पूर्णता दिई सबै वडालाई आफ्नै भूमीवाट सडक जोड्ने गरी रिङ्गरोड निर्माण कार्यको थालनी गरिने छ।

### ३.२ सिंचाइ तर्फ

- आवश्यक र संभाव्य क्षेत्र पहिचान गरीं सिंचाईको व्यवस्था गरिने छ।
- नेपाल सरकारद्वारा निर्माण हुने आमा बाँध सिंचाई योजनाको पानीलाई समुचित सिंचाइको प्रवन्ध गरिने छ।

### ३.३ भवन तथा सहरी विकास तर्फ

- सम्भावित प्रकोप, दुर्घटना र आम जनताको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन आचार सहिंता, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन, २०७२ मा रहेका प्रावधान भन्दा कम नहुने गरी गाउँपालिकाले यसै वर्ष भित्र भवन निर्माण मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ।
- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पूराना घरको नियमित/अभिलेखीकरण गर्दा कम्तीमा "एक घर एक विरुवा, एक घर एक फूल सहितको पाँच गमला" लगाई हुर्काउनु पर्ने कार्यको थालनी गरिनेछ।
- दिगो, नतिजामूलक विकास र दीर्घकालिन भौतिक विकासको लागि गुरुयोजना (Master Plan) गर्दै ५ वर्षे आवधिक गाउँ विकास योजना लगायत विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ।
- स्थानीय तहको विकास निर्माणको लागि प्रयोग हुने सबैं वस्तु तथा सेवाको दर रेट कायम गरी लागू गरिनेछ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको गाउँपालिका स्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ।
- सडक लगायत संरचनाहरुको आकस्मिक मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता, प्राथमिकता एवं लाभाँवित वर्गको चाहना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिनेछ।



Scanned with CamScanner

- ५ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजनासम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ । जुनसुकै आयोजनाको शुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भईसकेपछिको अवस्था स्पष्ट झल्कने तस्विर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना सार्वजनिक परीक्षण प्रतिवेदन (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ ।
- सार्वजनिक, नदी उकास जग्गा अतिक्रमण गर्ने तथा सडक पेटी अतिक्रमण गर्ने कार्यलाई गाउँपालिकाले सम्बन्धित सरोकारवाला निकाय र जनसहभागिताबाट संरक्षण तथा नियन्त्रण गरिने छ ।
- खोलानाला , सार्वजनिक ऐलानी, पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।
- जनक नन्दिनी गाउँपालिकाको कार्यालय भवन निर्माणका लागि उपयुक्त जग्गाको खोजी गरी यसै आ.व. भित्र भवन निर्माणको प्रारम्भिक कार्यको थालनी गरिनेछ ।
- प्रत्येक वर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने नीति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सडकका दायाँ बायाँ वृक्षारोपण गरी सडकलाई हरित सडकको रुपमा विकास गरी रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकाभित्र उपर्युक्त स्थानमा बसपार्क, मिनी बसपार्क, फलफुल, तरकारी र मासुजन्य पदार्थ बिक्री स्थानको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनको लागि पहल गरिनेछ ।
- सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न गाउँपालिकाको वडाकार्यालयहरु,मठमन्दिर,मदर्शा र मुख्य चौकमा सि.सि. क्यामरा र सौर्य सडक बत्तिको व्यवस्थापन गर्दै यसलाई सबै क्षेत्रमा विस्तार गर्दै लगिने छ ।
- गाउँपालिका भित्र पूर्व निर्माण भएका र नयाँ निर्माण हुने घर सडकको मापदण्डलाई व्यवस्थित गर्न लगाई सरल प्रक्रिया अपनाई नियमित गर्ने र अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आवासिय भवनको नक्सा पास गर्ने प्राविधिक,इन्जिनियर,आर्किटेक्चरहरुलाई अनिवार्य सूचीकृतको व्यवस्था गर्ने र आवश्यकता अनुसार उनीहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका प्रोफाइल निर्माण गरि विद्युतिय प्रणालीमा आवद्ध गरिने छ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना,आवासीय योजना, भू उपयोग योजना तर्जुमा गरी लागू गरिने छ ।
- सार्वजनिक,निजी र सरकारी क्षेत्रको सहभागिता विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढिकरण गरिनेछ ।

### ३.४ व्यवस्थित वस्ती विकास समिति नीति

- गाउँपालिका क्षेत्रभित्र जग्गा प्लटिङ्ग गर्दा गाउँपालिकाको सहमति आवश्यक पर्नेछ । गाउँपालिकाले एकिकृत जग्गा विकास योजना प्रतिवेदनको परिधि भित्र रही आवसिय क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक बजार क्षेत्रलाई तोकिएको स्थानमा मात्र मापदण्डको परिधि भित्र मात्र सहमति दिने व्यवस्था मिलाईनेछ ।



- जग्गाको नयाँ प्लटिङ्गको अनुमति प्रदान गर्दा कम्तीमा ८ मिटर भन्दा बढि चौडा सडकसँग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडा गरी खानेपानी,विद्युत पोल,ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा मात्र अनुमति प्रदान गरिनेछ ।
- अब खोलिने सबै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मीटर भन्दा कम नहुने गरी कायम गरिनेछ
- समुदायको अग्रसरतामा गरिने वस्ती विकासलाई प्रोत्साहित गरिनुको साथै प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिने छ । व्यवस्थित वस्ती विकासका लागि छुटै गुरु योजना बनाई लागु गरिनेछ ।
- अव्यवस्थित तथा जग्गामा वर्षौ देखि बसोबास गरी आएका बसोबासीहरुको घर जग्गाको लगत संकलन गरी अभिलेख राख्ने र व्यवस्थित बसोबासको लागि अधिकारीक स्वामित्वका आधारमा लालपूर्जा वितरण गर्ने नेपाल सरकार सँग पहल गर्ने र बाँझो जमिनलाई उत्पादन मूलक कार्यमा प्रयोग गर्न लगाइने छ ।
- एकिकृत जग्गा विकास योजना तयार गरी सो अनुसार भूमिलाई वर्गीकृत गरी आवास क्षेत्र, सहरी क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वनक्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिईने छ ।

### ३.५ संचार तर्फ

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ । विद्युतिय अनुगमनको शूरुवात गरिनेछ । अनलाईन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाईने छ ।
- यसै आ.व. भित्र दुरसंचार कार्यालयको सहयोगमा लैण्डलाइन टेलिफोनको व्यवस्था हुनेछ ।

### ३.६ विद्युत तथा वैकल्पिक उर्जा नीति

- शहरी सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा गाउँका प्रमुख सडक तथा चोकहरुमा सौर्य सडक बतिको व्यवस्था गरिने छ ।
- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका ठाउँमा विद्युतिकरण गर्ने व्यवस्था मिलाइने छ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु

### ४.१ वन वातावरण तथा जलवायु परिवर्तन

- गाउँपालिका क्षेत्रमा रहेका मुख्य मार्ग र.अन्य सडकको दायाँ बायाँ सार्वजनिक निजी साझेदारी नीति अनुरुप वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- जलवायु परिवर्तनबाट गाउँपालिकामा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्व्य र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।



Scanned with CamScanner

- अन्य सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहयोग तथा समन्व्य गरी वन, वातावरण , भू(संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

## ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण नीति

- गाउँपालिका विपद् व्यवस्थापन कोष स्थापना गरी रकमको व्यवस्था गरिनेछ। यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ संस्था एवं शुभेच्छुक समेतबाट साझेदारीता अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक, पर्ति तथा नदि तथा उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा आईपर्ने विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको थालनी गरिनेछ । डुवान,कटान तथा भू(क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल, समन्व्य तथा सहकार्य गरिनेछ ।
- वारुण यन्त्र सेवाको लागि आवश्यक साझेदार गरिनेछ ।

## ४.३ फोहोरमैला व्यवस्थापन तर्फ

- गाउँपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई सार्वजनिक निजी साझेदारी (3Ps) मोडेलको अवधारणा अनुरुप फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- फोहोरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहोरलाई छुटयाउन लगाई कुहिनेलाई कम्पोष्टमल बनाउने, नकुहिने फोहोर मध्ये पुनः प्रयोग हुनेलाई बेचेर "फोहोरलाई मोहर" बनाउने तथा अन्य काम नलाग्ने फोहोरहरु मात्र रुटिन अनुसार गाउँपालिकाले फोहोर उठाउन व्यवस्था गरिने सवारीमा सिधैं राख्ने व्यवस्था मिलाई सरसफाईको प्रर्वद्धन गरिनेछ ।
- फोहोरलाई उचित स्थान (Land Field Side) पहिचान गरी व्यवस्थापन गर्ने शुरुवात गरिने छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरु

- यस कार्यालय र अन्य सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरीक वडापत्र समायानूकल अद्यावधिक गरी लागू गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्व्यात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- "सूचना, तपाईको अधिकार" भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिवृद्धि गरिनेछ ।
- प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अँगिकार गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।



- कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचारसहिंता बनाई लागू गरिनेछ ।
- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश पहिलो सेवा प्रणाली (ँच्कत ऋकभ(ँच्कत कभचखष्अभ) अवलम्बन गरिने छ ।
- गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने र्कचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये कार्यबोझको आधारमा मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिवृद्धि र प्रोत्साहनको लागी प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सम्पूर्ण सेवालाई महिला,बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै गाउँवासी जनतालाई सूचनाको हक अधिकारको पूर्णरुपमा प्रत्याभुति दिलाइने छ ।
- अन्तर सम्बन्धको विकास गर्दै विदेशका उत्कृष्ट गाउँपालिका सँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिने छ ।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासनसम्बन्धि नीति तथा कार्यक्रमहरु

- संघीय सरकार, महालेखा परिक्षणको कार्यालय, महालेखा नियन्त्रण कार्यालय तथा केन्द्रिय लेखा प्रणलीका आम्दानी तथा खर्च शिर्षकहरुमा गाउँपालिकाको आम्दानी तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन लिई करका दायरालाई अभिवृद्धि गरिने छ ।
- गाउँपालिकामा करको दायरामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउँपालिका वासीहरुको पहिचान गरी दायरामा ल्याउन प्रयत्न गरिने छ ।
- कर संकलन प्रक्रियालाई पारदर्शी बनाउने, अभिलेखीकरणलाई व्यवस्थित गर्ने तथा २०७५ श्रावण १ गतेदेखि एकिकृत सम्पत्तिकर लागू गरिने छ ।
- कर सचेतमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- उत्कृष्ट कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गर्ने अख्तियारी गरिने छ। यसक्रममा बार्षिक रु. पचास हजार भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था शुरु गरिनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ ।



Scanned with CamScanner

## ७. बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धी नीति

- आएका बजेटलाई छलफलगरी सोही अनुसार टोल/टोल, वस्ती/वस्ती हुँदै वडा कार्यालयबाट प्राथमिकताको आधारमा छनौट गरिने छ। बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ।
- जनसहभागिता अभिवृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रवर्द्धन गर्ने नीतिलाई प्रमुखता दिइनेछ।
- गाउँपालिकाको असिमित आवश्यकता र चाहनालाई पूरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपुग भएकोले योजनाहरुलाई एकत्रित गरी योजना बैकको रुपमा राखिने र ति योजनाहरुको प्राथमिकताको आधारमा लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघीय सरकारमा माँग गरिने छ।

**उपस्थित प्रमुख अतिथि, अतिथि, मान्यजन, महिला तथा सज्जनवृन्द,**

माथि प्रस्तुत गरेका नीति तथा कार्यक्रमको आधारमा आर्थिक वर्ष २०७४/०७५ का लागि आय व्यय प्रस्ताव गरिएको व्योहोरा सम्मानीत सभामा निवेदन गर्न चाहन्छु। कुल वार्षिक बजेट रु. २५,८०,४९,१६९.४२ (रु. पच्चिस करोड असिलाख उनान्पचास हजार एक सय उनान्सत्तरी रुपैया बयालिस पैसा) मात्रं अनुमान गरिएको छ। जस्मा आ.व. २०७४/०७५ को राजस्व वाडँफाडँ तथा आन्तरिक आयको रकम रु. ८ लाख ४ हजार ५ सय समावेश गरिनुका साथै नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण रु. १४ करोड ३२ हजार मात्र र सर्शत अनुदानको ४ करोड ६३ लाख ४० हजार समाबेश गरिएको छ। साथै गत आर्थिक वर्ष २०७३/०७४ को बाँकी रकम २ करोड ३५ लाख ५२ हजार १ सय ६९ रुपैया ४२ पैसा समावेश गरिएको छ। साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बहुक्षेत्रीय पोषण कार्यक्रमको रकम रु. ११ लाख ६ हजार, गरिबसँग विशेश्वर कार्यक्रमको रकम रु. ८ लाख ५८ हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको रकम रु. १० लाख ६० हजार, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रकम रु. ३ करोड ९ लाख ४७ हजार, सीमा क्षेत्र विकास कार्यक्रमको रकम रु. १ करोड २४ लाख ४७ हजार तथा यूनिसेफबाट किशोरी शिक्षा कार्यक्रम मार्फत प्राप्त हुने रकम रु. ९ लाख २ हजार ५ सय गरि कुल जम्मा वजेट रकम रु. २५ करोड ८० लाख ४९ हजार १ सय ६९ रुपैया ४२ पैसा मात्र अनुमान गरिएको छ।

यसैगरि व्ययतर्फ (संलग्न अनुसुचि ३ बमोजिम) चालु खर्च तर्फ रकम रु. ३ करोड ३२ हजार तथा पूँजिगत खर्च तर्फ रकम रु. ११ करोड समानीकरणबाट खर्च हुने अनुमान गरिएको छ, जस्मा चालु खर्च तर्फ गाउँकार्यपालिकाको प्रशासनिक खर्च, सशक्तिकरण सीप विकास तथा लक्षित समुह विकास जस्ता कार्यक्रम खर्च, विद्यालय तथा स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यक्रम खर्च एवं अन्य निकायबाट चालु प्रकृतिको बजेट समावेश गरिएको छ भने पूँजिगत खर्च तर्फ सार्बजनिक निमार्ण, फर्निचर, वडा स्तरिय योजना जस्ता खर्च समावेश गरिएको छ। त्यस्तै सशर्त अनुदान तर्फको रकम रु. ४ करोड ६३ लाख ४० हजार स्वास्थ्य, शिक्षा, कृषि तथा पशु तर्फको नेपाल सरकारद्धारा निर्मीत (संलग्न विवरण अनुसार) बजेट अनुसार खर्च गरिनेछ। त्यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त विभिन्न शिर्षकका वजेट रकम रु. ४ करोड ६४



लाख १८ हजार सोही अनुरुप कार्यान्वयन गरिनुका साथै यूनिसेफबाट प्राप्त किशोरी शिक्षा कार्यक्रम बापतको वजेट रकम रु. ९ लाख २ हजार ५ सय सो कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा लगाइनेछ भने आ.व. ०७४ /०७५ को राजस्व वाडँफाडँ तथा आन्तरिक आयको रकम रु. ८ लाख ४ हजार ५ सय तथा गत आ.व. ०७३ /०७४ को बाँकी बजेट रकम रु. २ करोड ३५ लाख ५२ हजार १ सय ६९ रुपैया ४२ पैसा कार्यालय संचालन, व्यस्थापन तथा भुक्तानी दिन बाँकी वक्यौता एवं विकास निमार्ण जस्ता कार्यमा खर्च गरि यस आर्थिक वर्षमा कुल व्यय रकम रु. २५,८०,४९,१६९.४२ (रु. पच्चिस करोड असि लाख उनान्पचास हजार एक सय उनान्सत्तरी रुपैया बयालिस पैसा) खर्च हुने अनुमान गरिएको छ।

धन्यवाद !



भारती कार्की,
उपप्रमुख
जनक नन्दिनी गाउँपालिका

मिति : २०७४ माघ १५ गते सोमबार।



Scanned with CamScanner

# गाउँ सभा बैठक निर्णय पुस्तका

## बैठक नं. १

## मिति : २०७४ माघ १५ गते सोमबार

## तदानुसार सन् २०१८ जनवरी २९



आज मिति २०७४ माघ महिनाको १५ गते सोमबारका दिन जनक नन्दिनी गाउँपालिका खजुरीचन्हा कार्यापालिकाका अध्यक्ष श्री अब्दुल बारीक शेषज्यूको अध्क्षतामा एवं निम्न उपस्थितिमा गाउँ सभाको प्रथम बैठक बसि देहाय बमोजिम निर्णय गरियो ।

### उपस्थिति

| सि.नं. | पद | पदाधिकारीको नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अब्दुल वारिक शेष | गाउँपालिका | |
| २ | उपाध्यक्ष | श्री भारती कार्की | गाउँपालिका | |
| ३ | वडा अध्यक्ष | श्री धर्मेन्द्र कुमार गोइत | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री भोगेन्द्र पाठक | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री विष्णुदेव साह बनिया | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री हरिश्चन्द्र कामत केवट | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री अशोक कुमार मण्डल | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री विक्रम यादव | वडा नं. ६ | |
| ९ | दलित महिला सदस्य | श्री अनार देवी सदा | वडा नं. १ | |
| १० | सदस्य | श्री जान महमद | वडा नं. १ | |
| ११ | महिला सदस्य | श्री गंगावती देवी यादव | वडा नं. १ | |
| १२ | सदस्य | श्री उपेन्द्र यादव | वडा नं. १ | |
| १३ | महिला सदस्य | श्री अतिमा खातुन | वडा नं. २ | |
| १४ | सदस्य | श्री विष्णुदेव मरिक | वडा नं. २ | |
| १५ | सदस्य | श्री राम प्रसाद चौधरी | वडा नं. २ | |
| १६ | दलित महिला सदस्य | श्री सुभेलिया खतवे | वडा नं. २ | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | श्री उतिम लाल पासवान | वडा नं. ३ | |
| १८ | सदस्य | श्री देव शरण मण्डल | वडा नं. ३ | |
| १९ | महिला सदस्य | श्री पवित्री देवी | वडा नं. ३ | |
| २० | दलित महिला सदस्य | श्री सिता देवी | वडा नं. ३ | |
| २१ | सदस्य | श्री उपेन्द्र कामत केवट | वडा नं. ४ | |
| २२ | सदस्य | श्री परमेश्वर साह तेली | वडा नं. ४ | |
| २३ | महिला सदस्य | श्री वविता राई कुर्मी | वडा नं. ४ | |
| २४ | दलित महिला सदस्य | श्री वरतो देवी सदा | वडा नं. ४ | |
| २५ | सदस्य | श्री इन्द्र कुमार कापर | वडा नं. ५ | |
| २६ | महिला सदस्य | श्री महगी खातुन | वडा नं. ५ | |
| २७ | सदस्य | श्री राम किसुन कामती | वडा नं. ५ | |
| २८ | सदस्य | श्री महेन्द्र सहनी | वडा नं. ६ | |
| २९ | महिला सदस्य | श्री मेनु देवी यादव | वडा नं. ६ | |
| ३० | दलित महिला सदस्य | श्री राम सुनैर देवी | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री सुकदेव सहनी | वडा नं. ६ | |
| ३२ | दलित/अल्पसंख्यक सदस्य | श्री पशुपति धोवी | गाउँपालिका | |
| ३३ | दलित/अल्पसंख्यक सदस्य | श्री भागमुनी वढही | गाउँपालिका | |
| ३४ | सदस्य सचिव | कुलानन्द झा | गाउँपालिका | |



**मिति २०७४ माघ १५ गते बसेको सभाका निर्णयहरु**

**निर्णय नं. १ :-**

जनकनन्दिनी गाउँपालिका, गाउँ सभाको पहिलो बैठकको अवसरमा राष्ट्रियहित लोकतन्त्र र अग्रगामी परिवर्तन एवं संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै शहिदहरु प्रती श्रद्धा सुमन अर्पण गरी वेपत्ता र पिडित नागरिक प्रति सम्मान व्यक्त गरियो ।

**निर्णय नं. २ :-**

जनकनन्दिनी गाउँपालिकाको आ.व. २०७४।२०७५ को नीति, वजेट योजना तथा कार्यक्रम सार्वजनिकीकरण गरियो ।

**निर्णय नं. ३ :-**

विभिन्न समितिहरुको गठन लगायत कार्य सुची वमोजिम छलफल गर्नको लागि मिती २०७४।११।०५ गते दिनको ११:०० वजे सभाको वैठक बस्ने गरी आजको वैठक स्थगित गरियो ।



Scanned with CamScanner

# गाउँ सभा बैठक निर्णय पुस्तिका

## बैठक नं. २

## मिति २०७४ फाल्गुन ०५ गते

## तदनुसार सन् २०१८ फेवुअरी १७



आज मिति २०७४ साल फाल्गुन महिनाको ५ गते दिनको ११:०० बजे जनक नन्दिनी गाउँ कार्यपालिकाका अध्यक्ष श्री अब्दुल वारीक शेषज्यूको अध्यक्षता एवं निम्न उपस्थितिमा गाउँ सभाको बैठक बसियो ।

**उपस्थिति**

| सि.नं. | पद | पदाधिकारीको नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अब्दुल वारिक शेष | गाउँपालिका | |
| २ | उपाध्यक्ष | श्री भारती कार्की | गाउँपालिका | |
| ३ | वडा अध्यक्ष | श्री धर्मेन्द्र कुमार गोइत | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री भोगेन्द्र पाठक | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री विष्णुदेव साह बनिया | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री हरिश्चन्द्र कामत केवट | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री अशोक कुमार मण्डल | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री विक्रम यादव | वडा नं. ६ | |
| ९ | दलित महिला सदस्य | श्री अनार देवी सदा | वडा नं. १ | |
| १० | सदस्य | श्री जान महमद | वडा नं. १ | |
| ११ | महिला सदस्य | श्री गंगावती देवी यादव | वडा नं. १ | |
| १२ | सदस्य | श्री उपेन्द्र यादव | वडा नं. १ | |
| १३ | महिला सदस्य | श्री अतिमा खातुन | वडा नं. २ | |
| १४ | सदस्य | श्री विष्णुदेव मरिक | वडा नं. २ | |
| १५ | सदस्य | श्री राम प्रसाद चौधरी | वडा नं. २ | |
| १६ | दलित महिला सदस्य | श्री सुभेलिया खतवे | वडा नं. २ | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७ | सदस्य | श्री उतिम लाल पासवान | वडा नं. ३ |
| १८ | सदस्य | श्री देव शरण मण्डल | वडा नं. ३ |
| १९ | महिला सदस्य | श्री पवित्री देवी | वडा नं. ३ |
| २० | दलित महिला सदस्य | श्री सिता देवी | वडा नं. ३ |
| २१ | सदस्य | श्री उपेन्द्र कामत केवट | वडा नं. ४ |
| २२ | सदस्य | श्री परमेश्वर साह तेली | वडा नं. ४ |
| २३ | महिला सदस्य | श्री ववितां राई कुर्मी | वडा नं. ४ |
| २४ | दलित महिला सदस्य | श्री वरतो देवी सदा | वडा नं. ४ |
| २५ | सदस्य | श्री इन्द्र कुमार कापर | वडा नं. ५ |
| २६ | महिला सदस्य | श्री महंगी खातुन | वडा नं. ५ |
| २७ | सदस्य | श्री राम किसुन कामती | वडा नं. ५ |
| २८ | सदस्य | श्री महेन्द्र सहनी | वडा नं. ६ |
| २९ | महिला सदस्य | श्री मेनु देवी यादव | वडा नं. ६ |
| ३० | दलित महिला सदस्य | श्री राम सुनैर देवी | वडा नं. ६ |
| ३१ | सदस्य | श्री सुकदेव सहनी | वडा नं. ६ |
| ३२ | दलित/अल्पसंख्यक सदस्य | श्री पशुपति धोवी | गाउँपालिका |
| ३३ | दलित/अल्पसंख्यक सदस्य | श्री भागमुनी बढही | गाउँपालिका |
| ३४ | सदस्य सचिव | कुलानन्द झा | गाउँपालिका |



अनुसूची २

## जनक नन्दिनी गाउँपालिका
## प्रस्तावित आय व्ययको विवण
## आ.व. २०७४।०७५

रु. हजारमा

| प्रस्तावित शीर्षकहरु | प्रस्तावित आय रकम | प्रस्तावित व्यय | | |
|---|---|---|---|---|
| | | चालु खर्च | पूंजीगत खर्च | जम्मा खर्च |
| राजस्व : | २४३५६६६९।४२ | १०३७५४० | २३३१९१२९।४२ | २४३५६६६९।४२ |
| आन्तरिक राजस्व | ८०४५०० | २००००० | ६०४५०० | ८०४५०० |
| अन्य आय गत आ.व.को अलावा | २३५५२९६९।४२ | ८३७५४० | २२७१४६२९।४२ | २३५५२९६९।४२ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | १८६३७२००० | ८४६०९००० | १०१७६३००० | १८६३७२००० |
| नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १४००३२००० | ३८२६९००० | १०१७६३००० | १४००३२००० |
| नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | ४६३४०००० | ४६३४०००० | | ४६३४०००० |
| प्रदेश सरकारबाट प्राप्त | | | | |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | | |
| अन्य | ४७३२०५०० | ३५३१८५०० | १२००२००० | ४७३२०५०० |
| युनिसेफ किशोरी शीक्षा कार्यक्रम | ९०२५०० | ९०२५०० | | ९०२५०० |
| जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सा.सु. कार्यक्रम | ३०९४७००० | ३०९४७००० | | ३०९४७००० |
| स्था.शा. तथा सा.वि. कार्यक्रम | १०६०००० | ४६०००० | ६००००० | १०६०००० |
| गरिबसँग विशेश्वर कार्यक्रम | ८५८००० | ३३८००० | ५२०००० | ८५८००० |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | ११०६००० | ११०६००० | | ११०६००० |
| सीमा क्षेत्र विकास कार्यक्रम | १२४४७००० | १५६५००० | १०८८२००० | १२४४७००० |
| जम्मा | २५८०४९१६९।४२ | १२०९६५०४० | १३७०८४१२९।४२ | २५८०४९१६९।४२ |



Scanned with CamScanner

## शिर्षकगत प्रस्तावित व्यय अनुमान

### आ.व. २०७४।०७५

रु. हजारमा

| क.स. | शीर्षक न. | शीर्षक | आ.व. २०७३।०७४ को यथार्थ | आ.व. २०७४।०७५ को संशाधित | आ.व. २०७५।०७६ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हसतान्तरण | | | | |
| | | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | अन्य | जनसहभागिता |
| चालु खर्च (वित्तीय समानीकरण) | | | | | | | | | | | |
| १ | २१११ | पारिश्रमिक कर्मचारी | १०४।०५५ | ९८०० | | | ९८०० | | | | |
| २ | २१११२ | पदाधिकारी पारिश्रमिक | | २००० | | १०० | १९०० | | | | |
| ३ | २११२१ | पोशाक | ७५ | २३० | | | २३० | | | | |
| ४ | २११३२ | फिल्ड भत्ता | | ५० | | | ५० | | | | |
| ५ | २११३३ | महँगी भत्ता | | ३६० | | | ३६० | | | | |
| ६ | २११३४ | बैठक भत्ता | | २० | | | २० | | | | |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | ४६० | | २१० | २५० | | | | |
| ८ | २११३९ | अन्य भत्ता | २१९४८ | १००० | | | १००० | | | | |
| ९ | २११४१ | पदाधिकारी को बैठक भत्ता | | १३०० | | ३०० | १००० | | | | |
| १० | २११४२ | पदाधिकारीको अन्य सुविधा | | १०० | | ५० | ५० | | | | |
| ११ | २११४९ | पदाधिकारीको अन्य भत्ता | | १०० | | ५० | ५० | | | | |
| १२ | २२१११ | पानी तथा विजुली | | १५० | | | १५० | | | | |
| १३ | २२११२ | संचार महसुल | २४।४९ | २०० | | | २०० | | | | |
| १४ | २२२१० | सवारी साधनको संचालन तथा सम्भार खर्च | | २०० | | | २०० | | | | |
| १५ | २२२११ | ईन्धन (पदाधिकारी) | | १०० | | ५० | ५० | | | | |
| ६३ | क्षयरोग नियन्त्रण | उपचार केन्द्रमा गइ अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्ने | | | १८ | | १८ | | | | | |
| ६४ | क्षयरोग नियन्त्रण | २४ घन्टे सेवा हुने स्वास्थ्य संस्थामा क्षय रोग मैत्रि उपचार केन्द्र स्थापना | | | ९ | | ९ | | | | | |
| ६५ | क्षयरोग नियन्त्रण | उपचार केन्द्रको लागी वाटर फिल्टर, मग खरिद | | | १८ | | १८ | | | | | |
| जम्मा | | | | | ११९२२ | | ११९२२ | | | | | ११७४२ |

४५

Scanned with CamScanner

अनुसूची १

जनक नन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा

वडा कार्यालयको बार्षिक बजेट विवरण
आ.व. २०७४।०७५

रु. हजारमा

| क.स. | खर्च शीर्षक | प्रति वडा कार्यालय | ६ वटा वडा कार्यालयको कुल | कैफियत |
|---|---|---|---|---|
| १ | बैठक भत्ता | ७० | ४२० | |
| २ | विजुली महसुल | १८ | १०८ | |
| ३ | संचार महसुल | १२ | ७२ | |
| ४ | कार्यालय संचालन सम्बन्धी खर्च | ५० | ३०० | |
| ५ | मर्मत | १० | ६० | |
| ६ | इन्धन | २५ | १५० | |
| ७ | विविध | ५० | ३०० | |
| जम्मा | | २३५ | १४१० | |



# जनक नन्दिनी गाउँपालिका

## विनियोजन ऐन, २०७४

गाउँसभाबाट स्वीकृत मिति : २०७४/११/०५



Scanned with CamScanner

# जनक नन्दिनी गाउँपालिका

## जनक नन्दिनी गाउँपालिका

### विनियोजन ऐन, २०७४

जनक नन्दिनी गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रक[म] खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन सभाबाट स्वीकृत मिति २०७४।१०।०५ प्रस्तावना जन[क] नन्दिनी गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागी सञ्चितकोषबाट केही रकमखर्च ग[र्ने] अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उप(धारा (२) बमोजि[म] जनक नन्दिनी गाउँ सभाले यो ऐन् बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "जनक नन्दिनी गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार :**

१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त जनक नन्दिनी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा [र] कार्यहरुका निमित अनुसूची १ मा उल्लेखित चालूखर्च , पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्[मा] रकम रु. २५८०४९१६९.४२ मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३.विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त जन[क] नन्दिनी गाउँपालिका को गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्[ति] विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा [र] कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिका [ले] बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्ष[कको] जम्मा रकमको २५ प्रतिशतमा नवढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकास[ा र] खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र ब्[याज] भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्[च] विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्र[तिशत] भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्[नेछ।]



# अनुसूची १

(दफा (२) सँग सम्वन्धित)
नेपालको संविधानको धारा २२९(२) बमोजिम
सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिकाका | | | | |
| २ | | वडा समिति | १४,१०,०००। | ७,४४,००,०००। | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |



Scanned with CamScanner

# जनक नन्दिनी गाउँपालिका

## आर्थिक ऐन, २०७४

**गाउँसभाबाट स्वीकृत मिति : २०७४/११/०५**

# जनक नन्दिनी गाउँपालिका



# जनक नन्दिनी गाउँपालिका

## आर्थिक ऐन, २०७४

**प्रस्तावना :** जनक नन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनगर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम जनक नन्दिनी गाउँसभाले यो ऐन, बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन स्वीकृत भएको मिति देखि जनक नन्दिनी गाउँपालिका क्षेत्रकम लागु हुनेछ ।

२. **सम्पती कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकीकृत सम्पती कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भुमि कर (मालपोत) :** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. वहाल कर : गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,छप्परा, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुची बमोजिम वहाल कर लगाईने र असुल गरिनेछ ।

५. व्यावसायिक कर : गाउँपालिकाका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधरमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. जडिवुटि, कवाडी र जिवजन्तु कर : गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडीबुटी, कवाडी माल, र प्रचलित कानूनले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंह, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर : गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृति भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिमको हुनेछ ।

८. विज्ञापन कर : गाउँपालिकांका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर : गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।



Scanned with CamScanner

१०. बहाल बिटौरी शुल्क : गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेखित ... भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने, असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क : गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन् ।

१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।



# अनुसूची १

**(दफा (२) सँग सम्बन्धित)**

**एकीकृत सम्पत्ति कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को प्रावधान बमोजिम २०७५ साल श्रावण १ गतेदेखि एकीकृत सम्पती कर लागू गर्ने आवश्यक तयारी गर्ने ।

**घर जग्गा कर**

एकीकृत सम्पती कर लागू नभएसम्म गाउँ कार्यपालिकाबाट निर्धारण भए बमोजिम घरजग्गा कर लागू हुनेछ ।

# अनुसूची २

**(दफा (३) सँग सम्बन्धित**

**भूमि कर (मालपोत) को दर**

| जग्गाको किसिम | प्रति कट्टा (३३८.६० ब.मी.)रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| अब्बल | ६ | बार्षिक १० % | बिगत बर्षको बक्यौताको हकमा समेत यसै बमोजिम हुनेछ । |
| दोयम | ६ | | |
| सिम | २ | | |
| चहार | २ | | |



Scanned with CamScanner

## अनुसूची ३
(दफा (४) सँग सम्बन्धित

### (क) बहाल करको दर

१. जनक नन्दिनी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, जग्गा, ग्यारेज, गोदाम, टहरा, छपार, कै जग्गा, पोखरी वा अन्य सम्पती पुरै वा आशिंक तवरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशत

२. संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्य निकायले बहाल लिए बापत बहाल रकम भुक्ता गर्दा स्रोतमै अग्रीम बहाल कर कट्टी गरी गाउँपालिकामा दाखिला गर्नु पर्नेछ।

### (ख) बहाल निर्धारण प्रकृया

१. बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई आधार लि बहाल कर बुझाउनु पर्नेछ।

२. क्षेत्रगत आधारमा गाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ।

३. गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषण गरेको वा सम्झौतापत्रमा उल्ले भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

## अनुसूची ५
(दफा (६) सँग सम्बन्धित

### जडिबुटी कबारी र जीवजन्तु करको दर

ऊन, जडिबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन् हाड, सिंग, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिकक कारोबार गरे वापत निम्न बमोजिमको कर लाग्नेछ।

क) कागजजन्य सामानका लागी प्रति किलोग्राम रु. एक
ख) फलामजन्य सामानका लागी प्रति किलोग्राम रु. दुई
ग) स्टीलजन्य सामानका लागी प्रति किलोग्राम रु. दुई
घ) अन्य हकमा प्रति किलोग्राम रु. दुई



## अनुसूची ६
(दफा (७) सँग सम्बन्धित

### सवारी साधन करको दर

जनक नन्दिनी गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा जनक नन्दिनी गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा देहाय बमोजिम बार्षिक सवारी कर लाग्ने।

क) ईन्जिनबाट चल्ने दुई पांग्रे मोटर साईकल वा यस्तै सवारी साधनको रु. १००
ख) कार, जीप वा यस्तै चार पांग्रे सवारी साधनको रु. ५००
ग) टेम्पो, ट्याक्टर, वा यस्तै चार पांग्रे सवारी साधनको रु. ५००
घ) मिनिबस, मिनि ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रु. १,०००
ङ) ठूलोबस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रु. १,५००
च) डोजर,क्रेन वा यस्तै हेभी साधनको रु. २,०००

तर विद्युतिय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने साधनको हकमा तोकिएको दरमा ५० प्रतिशत छुट हुनेछ।

## अनुसूची ७
(दफा (८) सँग सम्बन्धित

### विज्ञापनको करको दर

| सि.नं. | विज्ञापन सामग्री | इकाई | अबधि | दर रु. |
|---|---|---|---|---|
| १ | फलेक्सबाट तयार गरीएको विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | बार्षिक | ५० |
| २ | होर्डिंगबोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | बार्षिक | १०० |
| ३ | डिजिटल बोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | बार्षिक | ५० |
| ४ | सवारीसाधनको दायाँबायाँ | प्रति वर्ग फिट | बार्षिक | २० |
| ५ | खेलकुद मैदान , मेला,जात्रा वा वा यस्तै अन्य कार्यक्रममा विज्ञापन | प्रति दिन | दैनिक | ५० |
| ६ | अन्य | प्रति वर्ग फिट | बार्षिक | ५० |



Scanned with CamScanner

# अनुसूची ८
## (दफा (९) सँग सम्बन्धित
### मनोरञ्जन करको दर

१. चलचित्र प्रदर्शन प्रति पर्दा वार्षिक रु. २०००
२. जादु, सर्कस, मेला संचालन गराए वापत दैनिक रु. १००

# अनुसूची ९
## (दफा (१०) सँग सम्बन्धित
### बहाल बिटौरी करको दर

| सि.नं. | विवरण | रुपैंया |
|---|---|---|
| ०१ | तरकारी, फलफुल तथा अन्य सामग्री प्रति टोकरी | १० |
| ०२ | परेवा/हाँस आदि प्रति जोडा | १० |
| ०३ | फुटपाथमा बसी मर्मत संभार गर्ने,कपाल काट्ने,सुर्ती, चक्कु,हंसीया, खुर्पी,जातो सिलौटो वा अन्य सामग्री वेच्ने सँग प्रतिदिन | २० |
| ०४ | पटके चिया, नास्ता, अण्डा आदि बेच्ने | २० |
| ०५ | जडीबुटी वेच्ने तथा खेलचटक,तमासा इत्यादि | २० |
| ०६ | माछा,मासु विक्रेता | ५० |
| ०७ | दाउरा वा यस्तै अन्य सामग्री | ५ |
| कुनै साधनमा ल्याएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाईमा दामासाहीले संकलन गरिने | | |

### पशु बजार शुल्कको दर

(क) गाई, गोरु,राँगा, घोडा र घोडीको प्रति थान बिक्रेताबाट लिने रु. १००
(ख) गाई, गोरु,राँगा, घोडा र घोडीको प्रति थान क्रेताबाट लिने रु. १००
(ग) खसी, बाखा, बोका, पाठा,पाठी प्रति थान बिक्रेताबाट लिने रु. ५०
(घ) खसी, बाखा, बोका, पाठा,पाठी प्रति थान क्रेताबाट लिने रु. ५०
(ङ) पशुजन्य निकासी पैठारी प्रति पशु रु. १०रु



# अनुसूची १०
## (दफा (११) सँग सम्बन्धित
### पार्किंग शुल्कको दर

क) साईकल प्रति घण्टा रु. २
ख) टायर गाडा प्रति घण्टा रु. ७
ग) दुई पाँग्रे सवारीका लागि प्रति घण्टा रु. ५
घ) चार पाँग्रे सवारीका लागि प्रति घण्टा रु. १०
ङ) छ वा सोभन्दा वढी पाँग्रे सवारीका लागि प्रति घण्टा रु. ३०

१. क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखांकन गरी, प्रवेश र वहिंगमन फरक(फरक हुने गरी, कुनै पनि सडको कुल चौडाईको २५ प्रतिशत भन्दा वढी भाग नओगटने गरी, सरकार आधुनिक प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पाकिंग व्यवस्थापन गर्न सक्ने।
२. सवारी साधन पार्किंग गर्ने क्षेत्र र निषेध क्षेत्र गाउँ कार्यपालिकाले तोक्न सक्नेछ।

# अनुसुची ११
## (दफा (१२) सँग सम्बन्धित )
### व्यवसाय करको दर

| सि.नं. | व्यवसायको किसिम | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | १०० | |
| २ | नागरिकता तथा नागरिकताको प्रतिलिपि सिफारिस | १०० | |
| ३ | वहाल करको लेखाजोखा सिफरिस | १०० | |
| ४ | मोही लगत कट्टाको सिफरिस | १०० | |
| ५ | घरजग्गा करको लेखा जोखा सिफरिस | १०० | |
| ६ | जन्ममिति प्रमाणित | १०० | |
| ७ | व्यापार व्यवसाय बन्द, सञ्चालन भए नभएको सिफारिस | २०० | |
| ८ | विवाह तथा अविवाहित प्रमाणित | १०० | |
| ९ | विपन्नलाई स्वास्थ्य उपचारको सिफरिस | ५० | |
| १० | घर पाताल प्रमाणित | १०० | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११ | व्यक्तिगत विवरण प्रमाणित | १०० | |
| १२ | जग्गा धनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्ने सिफरिस | २०० | |
| १३ | नाम,घर जन्ममिति तथा वतन सिफरिस | १०० | |
| १४ | जग्गा धनी दर्ता प्रमाण पूर्जामा हराएको सिफरिस | २०० | |
| १५ | छुट जग्गा दर्ताको सिफरिस | २५० | |
| १६ | मोही निष्कासन सिफरिस | २०० | |
| १७ | जग्गाको चार किल्ला प्रमाणित प्रति कित्ता | १०० | |
| १८ | जग्गाको चार घर बाटो सिफरिस प्रति कित्ता | २०० | |
| १९ | कित्ताबाट सिफरिस प्रति कित्ता | २०० | |
| २० | संरक्षक प्रमाणित | १०० | |
| २१ | जीवित रहेको सिफारिस | १०० | |
| २२ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| २३ | नामसारी सिफारिस | २०० | |
| २४ | सरजमनि मुचुल्का नागरिकता , व्य घ दर्ता | २०० | |
| २५ | सुजमिन मुचुल्का अन्य | १०० | |
| २६ | उद्योग दर्ता तथा ठाउँसारी नामसारी सिफारिस | २०० | |
| २७ | विद्यालय खोल्ने, कक्षा थप गर्ने तथा ठाउँसारी सिफारिस | ५०० | |
| २८ | घर जग्गा लगायत अन्य सम्पत्ति मुल्याँकन सिफारिस प्रति हजार रु. | २० | |
| २९ | धारा तथा विधुत जडान सिफारिस | १०० | |
| ३० | चारित्रिक प्रमाणपत्र सिफारिस | १०० | |
| ३१ | विपन्न विद्यार्थी सिफारिस | ५० | |
| ३२ | अपांग सिफारिस | ५० | |
| ३३ | चौपाया सिफारिस प्रति चौपाया | १०० | |
| ३४ | नक्कल दस्तुर प्रतिपाना | ५ | |
| ३५ | निवेदन फाराम दस्तुर | १० | |
| ३६ | निवेदन टिकट दस्तुर | १० | |
| ३७ | अन्य सिफारिस | ५० | |
| ३८ | अमिन सेवा प्रति कट्टा, प्रति जग्गाधनी | १५ | |
| | नोट : माथि उल्लेखित सिफारिस अंग्रेजीमा गराउंदा दोब्बर शुल्क लाग्नेछ । | | |



### नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट

| सि.नं. | विवरण | दररेट रु. | |
|---|---|---|---|
| ०१. | R.C.C.भुई तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | १।- | |
| | R.C.C.प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | २।- | |
| | R.C.C.दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | ३।- | |
| | R.C.C.तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फिट | ४।- | |
| ०२. | कम्पाउण्डवाल प्रति रनिङ्ग फिट | १।- | |
| ०३. | घर निर्माण सम्पन्न प्रमाण-पत्र | ३००।- | |
| ०४. | घर नक्सा नामसारी दस्तुर | ३००।- | |
| ०५. | घर नक्सा निवेदन दस्तुर | २००।- | |
| ०६. | घर नक्साको प्रतिलिपिमा | ३००।- | |

## अनुसूची १२

**(दफा (१३) सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

उँ कार्यपालिकाबाट तोकिएको स्थानमा तोकिए बमोजिम पर्यटन शुल्क लाग्ने छ ।



Scanned with CamScanner

# जनक नन्दिनी गाउँपालिका

## जनक नन्दिनी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

गाउँ सभाबाट स्वीकृत मिति : २०७४/११/०५



## जनक नन्दिनी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**प्रस्तावना**

नेपालको संविधान बमोजिम सहकारित, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै संघ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तरसरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूमि गर्न, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानुनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका न्यायोचित वितरण र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित र नमूनायोग्य तुल्याउनका लागि जनक नन्दिनी गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँसभाको मिति २०७४।११।०५ बैठकबाट पारित गरी यो "जनक नन्दिनी गाउँपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४" बनाई लागु गरेका छौं।

### भाग - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो आचारसंहिताको नाम "जनक नन्दिनी गाउँपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४"रहेको छ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

क) "प्रमुख" भन्नाले जनक नन्दिनी गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

ख) "आचारसंहिता" भन्नाले गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ लाई जनाउनेछ।

ग) "अनुगमन समिति" भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलई सम्झनुपर्छ।

घ) "कार्यपालिका" भन्नाले जनक नन्दिनी गाउँ कार्यपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

ङ) "पदाधिकारी" भन्नाले जनक नन्दिनी गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ। यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ।

च) "सभा" भन्नाले जनक नन्दिनी गाउँपालिकाको गाउँसभालाई बुझाउनेछ।

छ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनुपर्छ।

ज) "नगरपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई जनाउनेछ।



Scanned with CamScanner

## भाग - २
### पदाधिकारीका आचारहरु

३. **सामान्य आचारहरु पालना गर्ने :** पदाधिकारीहरुले पालन तथा अवलम्बन गर्नुपर्ने सामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन् । जसको अवलम्बन गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं ,

**३.१ नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ता प्रति प्रतिबद्ध रहदै,**

क) पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकुल हुने कार्य गर्ने छैनौं ।

ख) कुनै पनि पदाधिकारीले राष्ट्र विरुद्ध हुने कार्यमा सघाउ पुऱ्याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने कार्य गर्ने वा गराइने छैन ।

ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौं।

घ) कुनै पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुऱ्याउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौं।

**३.२ संघ, प्रदेश र स्थानीय तहबीचको सु-सम्बन्धमा जोड दिंदै,**

क) पदाधिकारीहरुले संघ, प्रदेश र स्थानीय तहबीचको सुसम्बन्ध, कार्यअधिकारक्षेत्र, कार्य प्रणाली वा संस्थागत प्रबन्धमा कुनै आँच पुऱ्याउन वा दखल दिन वा अन्तरसकार सम्बन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्न वा वक्तव्य प्रकाशन वा प्रचार प्रसार गरिनेछैन ।

ख) कुनै पनि आधारमा स्थानीय तहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट वञ्चित गरिने छैन ।

तर महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिवद्ध रहनेछौं ।

ग) अन्तर स्थानीय तह तथा अन्तर सकार वस्तु वा सेवाको निर्वाध आवागमनलाई कुनै बाधा गरिने वा भेदभाव गरिने छैन ।

**३.३ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रवर्द्धन गर्ने,**

क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गरिनेछ ।

ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त र नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अवहेलना गर्ने, अन्तरसरकार सम्बन्ध, स्थानीय तहहरु र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन ।



तर यस कुराले उल्लेखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न र सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन ।

**३.४ साधनश्रोतको पूर्ण सदुपयोग गर्न**

क) कानून बमोजिम आफुले पाउने सेवा सुविधाबाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्नु गराउनु हुँदैन ।

ख) कुनै पनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नु पर्नेछ ।

**३.५ आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउन,**

क) कुनै पनि पदाधिकारीले कानुनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी सहित आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन ।

ख) पदाधिकारीले प्रचलित कानुनमा तोकिएभन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा वा कार्यक्षेत्रभन्दा बाहिर जानुपर्ने भएमा कानुनले तोके बमोजिम जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुँदैन ।

**३.६ गैर कानुनी आश्वासनलाई निरुत्साहित गर्न,**

क) संविधान तथा प्रचलित कानुनले दिएको अधिकारक्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनु हुँदैन ।

ख) कानुन बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

ग) स्थानीय तहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीय तहको योजना बाहेकका कनै कार्यक्रम वा योजना स्वीकृत गरिदिन वा गराईदिने आश्वासन दिनु हुँदैन ।

घ) आफ्नो लागि वा अरु कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुदैन ।

**३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न दृढ रहँदै,**

क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वाकर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसँग तेरो मेरोको भावना राखी कुनै कार्य गर्नु/गराउनु हुँदैन ।

ख) आफू सम्बद्ध राजनीतिक दल वा सम्बद्ध कुनै निकाय वा संघसंस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिनेछैन ।

**३.८ सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहँदै,**

क) सामाजिक सदभाव तथा सौहार्द (प्रेम) खल्वल्याउन नहुने : विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायबीच सामाजिक सदभाव र सौहार्दता खल्वल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदायबीचको सु(सम्बन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।



Scanned with CamScanner

ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन । कुनै विचार व्यक्त गर्दा जातीय, धार्मिक, सांस्कृतिक वा सामाजिक विद्वेष वा धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाती, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द/वाणीहरुको प्रयोग गर्नु हुँदैन ।

ग) कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा सबै समुदायका कानुनी हकहित र मौलिक सस्कृतिप्रति बोली र व्यवहार दुवै तवरबाट प्रतिकुल असर पर्ने गरी कार्य गर्नु गराउनु हुँदैन ।

घ) कुनैपनि समुदायको परम्परा देखिको धर्म अवलम्बन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नु पर्नेछ । तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनुहुँदैन ।

ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सदभाव विगार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ ।

**३.९ पदाधिकारीबीच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्न :**

क) पदाधिकारीहरुबीच जिम्मेवारी, अधिकार वा सुविधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको सम्बद्ध वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नु हुँदैन । तर कानुन बमोजिम विशेष जिमेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिन,**

क) पदाधिकारीले सबैसँग शिष्ट र मर्यादित वाणी तथा शब्दको प्रयोग गर्नुपर्नेछ । शालिन र स्वभाविक सामाजि आचारहरु गर्नुपर्नेछ । जनतासँग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु, स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्काप्रति झु लाञ्छना लगाउने, रिस राग द्वेष राख्ने तथा एक अर्काको विषयमा अप्रासांगिक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपू अभिव्यक्ति दिइनेछैन ।

ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीप्रति राम्रो व्यवहार र शीष्ट भाषाको प्रयोग गर्नेछन् ।

घ) पदाधिकारीले संस्थागतरुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु व कुनै पदाधिकारी वा कर्मचारील होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुँदैन ।

ङ) पदाधिकारी तथा कर्मचारीबीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वयत्तताको सम्मान गर्ने वाता ण सिर्जना गर्नु पर्नेछ ।

च) पदाधिकारीहरुले एकअर्काको व्यक्तिगतरुपमा टिका टिप्पणी गर्नु हुँदैन तर पदाधिकारीको कामसँग सम्बन्धि विषयमा स्वस्थरुपमा एक अर्काका कमी कमजोरी तथा सबल पक्षहरुलाई औंल्याउन कुनै बाधा पुग्ने छैन ।

छ) पदाधिकारीहरुले एक अर्काका विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणी राख्नुपर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ ।

**३.११ सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्दै,**

क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन । कार्यालय हाताभित्र सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सूर्ती, गुट्खा वा पान सेवन गर्नु हु



ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरातन एवम् अवैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रकृयामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाउँमा जुवा, तास खेल्ने, बाजि लगाउने आदि जस्ता व्यवहारहरु गर्नु हुँदैन ।

घ) पदाधिकारीले कानुनत मानव अधिकारको हन ठहरिने, कानुनले बन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरितका भनी तोकेका समुदायमा प्रचलित कुरीतिहरुले बढावा पाउने व्यवहार गर्नु हुँदैन ।

ङ) विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, व्रतबन्ध, जन्मोत्सव, भोज, आदि समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुँदैन र तडकभडक गर्ने अरुलाई प्रोत्साहन गर्नु हुँदैन ।

च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा तेरोमेरो भन्ने पक्ष नलिई तछस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका विषयहरुमा नकारात्मक टिप्पणी गर्नु हुँदैन ।

ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरिति तथा कुसंस्कारका रुपमा रहेका बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छाउपडी, बोक्साबोक्सी, दहेज दाइजो, छुवाछुत, जातिगत उचनीचता, व्यक्तिगत भटना दर्ता नगर्ने प्रवृत्ति, खोप नलगाउने अवस्था, खुला दिशा आदिजस्ता प्रथा प्रचलनलाई निर्मूल गर्न लागि पर्नु पर्नेछ ।

**३.१२ स्थानीय तहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सूचनमा जनतको पहुँच बढाउन,**

क) प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्नेछ । तर प्रचलित कानुन तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोबारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पत्ति वा जीउज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नु पर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुँदैन ।

ख) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुँदैन ।

**३.१३ बदनियत तथा अनाधिकृत काम गर्न गराउन बाट रोक्न,**

क) प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा बदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन । यस्तो अधिकारको प्रयोग खुला एवं सहभागितामूलक रुपमा छलफल गरी गर्नु पर्नेछ ।

ख) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालय/संघसंस्था वा कमैचारी वा व्यक्तिलई अनधिकृत काम गरानु हुँदैन ।

**३.१४ लैङ्गिक समानताको प्रवर्द्धन गर्दै :**

क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनै कार्य गर्नु हुादैन । लिङ्गको आधामा कसैको क्षमतामाथि आँच आउने गी कुनै कामकाज गर्न, नीति, कानुन वा संरचना बनाइनेछैन ।



Scanned with CamScanner

ख) फरक लिङ्गका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आम नागरिकप्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोबल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमबाट कुनै यौनजन्य दुराग्रह हुने खालका कुनै कामकारवाही गर्न गराउन वा यौनजन्य अस्लिल तस्विरहरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हानी पार्ने व्यवहार गर्नु वा गराउनु हुँदैन।

ग) लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषबीचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखान टुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्नु गराउनु हुँदैन।

घ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पुऱ्याउन गर्नु गराउनु हुँदैन।

**३.१५ बालबालिकाको सर्वाङ्गिण विकास र हकहितप्रति सचेत रहँदै :**

क) बालबालिकाको सार्थक सरोकारका विषय तथा स्थानीय विकास र शासन प्रक्रियामा बालबालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमूल्यन गर्ने विचार, अभिव्यक्ति दिन वा त्यस्तो व्यवहार गर्न गराउन हुँदैन।

ख) आफ्नो परिवारमा बालश्रमिक राख्न हुँदैन। समुदायमा बालश्रम वा बालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन पाइनेछैन।

४ **सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्बन्धी आचारहरु : सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्बन्धमा देहायका आचारहरु पालन गर्न प्रतिबद्धता व्यक्त गर्दछौं,**

४.१ पदाधिकारी तथा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउँछ भन्ने एकीन गरी सभामा छलफल गरी आम नागरिकलाई जानकारी दिई किफायति रुपमा न्यूनतम सुविधाको व्यवस्था गरिनेछ।

४.२ पदाधिकारीले कानुन बमोजिम तथा कार्यालयको काममा बाहेक स्थानीय तहको मानवीय, आर्थिक वा भौतिक साधन श्रोतको आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्नु वा गराइनेछैन।

४.३ आफ्नो पदीय ओहदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजी सेवा तथा सुविधाहरु लिन वा दिन लगाइने छैन।

४.४ स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पत्तिको प्रयोग गरेवापत पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानुन बमोजिम तिर्नु बुझाउनुन पर्ने कर, शुल्क, सेवा शुलक दस्तुर, भाडा बुझाउनबाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन।

४.५ स्थानीय तहका पदाधिकारीहरुले आफूले प्राप्त गर्ने सुविधाहरुको विवरण आम जानकारीका लागि स्थानीय तहमार्फत सार्वजनिक गर्नुपर्नेछ।

५. **नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारह : नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा देहायका आचारहरुको पालन गर्न गराउन देहाय बमोजिम गरिनेछ।**

५.१ निर्णय प्रकृयामा भाग लिनुपूर्व बैठकमा जानकारी दिनुपर्ने :

(१) पदाधिकारीले आफू समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपूर्व देहाय बमोजिम सूचनाहरु सम्बन्धित भए सो दिनुपर्नेछ :



क) स्थानीय तहको भर्ना प्रकृया, खरीद, बिक्री वा ठेक्कापट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसँगको सम्झौताको म्याद थप वा खारेजीका विषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता, सम्बन्ध रहेको भए सो कुरा,

ख) स्थानीय तहको नीति निर्णयबाट प्रत्यक्षरुपमा लाभ वा हानी हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनीसँग लिनुदिनु भए सोको विवरणहरु,

ग) कुनै पेशा वा व्यवसायिक संघसंस्थामा पदाधिकारीको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ भए सोको विवरण र त्यस्तो काममा लगाउने संस्था सम्बन्धी विवरण,

(२) यदि कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा विषयसँग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रकृयामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देश गर्नु पर्नेछ।

(३) पदाधिकारीले कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नु हुदैन।

**५.२ सहभागितामूलक तथा पारदर्शीरुपमा नीति निर्माण र निर्णय गर्ने :**

क) पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकीकरण, कार्यान्वयन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समूहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ।

ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु परदर्शीरुपमा गर्नु पर्नेछ।

ग) स्थानीय तहका बैठकहरु आम जनताका लागि खुला गर्न उचित प्रकृयाहरु निर्धारण गर्नु पर्नेछ।

घ) निर्णय गर्दा कानुनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ। कानुनले समय नतोकेको अवस्थामा विषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधिभित्र निर्णय गर्नु पर्नेछ।

तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्बिने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी संबन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

ङ) पदाधिकारीले नागरिक वा सेवाग्राहीलाई नअल्याउने गरी स्पष्ट राय तथा सल्लाह दिनु पर्नेछ।

**पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धी आचरण :** पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालन गर्न गराउन प्रतिबद्ध रहँदै,

क) कानुन बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुँदैन। त्यस्तो सेवा सुविधा दिनका लागि बाध्य पार्ने कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन।

ख) स्थानीय तहसँग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री व्यवहार र आमन्त्रण, भोज भतेर, खानपिन, मनोरञ्जन, बसोबास सुविधा, भाडा सुविधा, आदि लिनु वा दिनु हुँदैन।

ग) पदाधिकारीहरुले आफ्नो स्थानीय तहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायबाट दान, वकिसस, चन्दा, उपहार स्वीकार गर्नु हुँदैन।



Scanned with CamScanner

७ **सामुदायिक संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्थासँगको साझेदारी :** विकास साझेदार, गै सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँगको साझेदारी गर्दा देहायका आचारहरुको पालन गर्न प्रतिब रहँदै ,

क) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँग संस्थागत सम्बन्ध र समन्व प्रवर्द्धन गरिनेछ । व्यक्तिगत लाभहानीका आधारमा व्यवहार गरिनेछैन ।

ख) विकास साझेदार निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रक योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाइनेछ ।

८ निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरु : पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षत निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचरणहरुको पालन गरिनेछ,

क) स्थानीय तहको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहने ।

ख) पदाधिकारीले पदीय कर्तव्य निर्वाह गर्दा बाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपले आउने प्रभा प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्ने ।

ग) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्ने गराउने ।

घ) कुनै कर्मचारीलाई कार्य सम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्न वा दवाव नदिने ।

ङ) प्रचलित कानुनले निषेध गरेको कुनै कार्य गर्न वा गराउन नहुने ।

च) कर्तव्य पालना गर्दा जानकारीमा आएको कानुन बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्र वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न वा गराउन नहुने ।

छ) पदाधिकारीले आफुले गर्ने काम निर्धारित समयभित्र सम्पादन गरिनेछ । कानुन बमोजिम सम्पादन गर्नुपर्ने क समयभित्रै सम्पन्न नगरी आफूले गर्ने काम पन्छाइने छैन ।

९ **अन्य आचरणहरु :** पदाधिकारीका अन्य आचरणहरुदेहाय बमोजिम गर्न प्रतिवद्ध रहन्छौं,

क) आफ्नो सम्पत्तिको विवरण तोकिएको समयभित्र सम्बन्धित निकायमा बुझाई सार्वजनिक गर्नु पर्नेछ ।

ख) स्थानीय तहको काममा कुनै प्रकारको असर पर्न सक्ने गरी प्रचलित कानुन विपरित हुने गरी स्थानीय त स्वीकृती विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफुले स्वीकार गर्नु र आफ्नो परिव कुनै सदस्यलाई त्यस्तो विषय स्वीकार गर्न लगाउनु हुँदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार हुन आएमा स्थानीय तहमा सो कुराको सूचना दिई निर्णय भएं बमोजिम गर्नु पर्नेछ ।

ग) स्थानीय तहको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कामकारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रि आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन समाचार माध्य सामाजिक सञ्जाल वा रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न गराउन हुँदैन ।

ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै प्रकाशन गर्न हुदैन ।



च) मुलुकी ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न गराउनु हुँदैन ।

छ) विदेशी मुलुकको स्थायी बसोबास तथा डि.भी. को लागि आवेदन गर्नु हुँदैन ।

ज) पदाधिकारीले पदीय मर्यादामा आँच आउने गरी कुनै समूह वा व्यक्तिसँग कानुन विपरित वार्ता गर्ने, सम्झौता गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

## भाग - ३

## प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु

१०. **प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन :**

(१) नेपालको संविधान, प्रचलित संघीय तथा प्रदेश कानुन, अदालतको निर्णय वा आदेश तथा कानुन बमोजिम संघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सोको तत्परतापूर्वक प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(२) प्रचलित कानुन बमोजिम पदाधिकारीहरुको सम्पत्ति विवरण बुझाउने तथा सार्वजनिक गरिनेछ ।

(३) पदाधिकारीले प्रचलित कानुन बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्की फछ्यौंटको कार्यमा जिम्मेवारी बहन गर्नु पर्नेछ ।

११ **अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण सम्बन्धी कानुनको कार्यान्वयनमा सहयोग :**

(१) स्थानीय तहका पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुँदैन ।

(२) स्थानीय तहका पदाधिकारीले स्थानीय तहमा प्रचलित कानुन बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुने छानविन, अनुसन्धान तथा जाँचबुझमा सहयोग गर्नु पर्नेछ ।

(३) पदाधिकारीले आफूले थाहा पाएको भ्रष्टाचार मानिने कार्यहरुको सूचना दिने र लिने गर्नु पदछ, त्यस्तो सूचना लुकाउन र लुकाउन सहयोग गर्नु हुँदैन ।

(४) पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा स्वार्थको द्वन्द्व देखिन सक्ने बाह्य क्रियाकलाप, रोजगारी, लगानी, सम्पत्ति, उपहार वा लाभ लगायतका कुराहरु बारे स्पष्ट गरी कार्य सम्पादन गर्नु पर्दछ ।

(५) भ्रष्टाचारवाट आर्जित सम्पत्ति राख्ने, लुकाउने तथा प्रयोग गर्ने जस्ता कार्यलाई दुरुत्साहन गर्नु पर्दछ ।

(६) भ्रष्टाचारवाट आर्जित सम्पत्तिको खोज तलास, रोक्का, स्थानान्तरण, नियन्त्रण, जफत एवं फिर्तासम्बन्धी कार्यमा सहयोग पुर्‍याउनु पर्दछ ।

(७) पदाधिकारीले आफूले र आफ्नो परिवारको नाममा कुनै जायजेथा खरीद गर्दा सार्वजनिक गरेर गर्नु पर्नेछ ।

१२ **निर्वाचन आचारसंहिताको पालन गर्नुपर्ने :**

(१) स्थानीय तहका पदाधिकारीहरुले निर्वाचनका बखत पालन गनुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नु पर्नेछ ।



Scanned with CamScanner

आचारसंहिताको प्रभावकारी कार्यानवयन तथा पालन गर्न गराउ

(२) स्थानीय तहका पदाधिकारीहरुले निर्वाचन प्रचार प्रसार वा सोमा सहयोग गर्नुपर्नेछ।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रयोग गर्न वा प्रयोग गराउनको लागि दिनु हुँदैन।

सम्बन्धित प्रयोजनका लागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा लिनका लागि स्थानीय तहहरुबाट संस्थागत रुपमा कुनै निर्

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा गर्नु वा गराउनु समेत हुँदैन।

१३ **आचारसंहिताको कार्यान्वयनका लागि आवश्यक सहयोग गर्नुपर्ने :** आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गरिनेछ।

(१) आचारसंहिताको कार्यान्वयन समितिको व्यवस्था गरिने : प्रमुख वा कार्यपालिकाले तोकेको सदस्यको संयोजकत्व

(क) आचारसंहिताको कार्यान्वयन समिति गठन गरिनेछ। सो समितिले नियमित रुपमा आचारसंहिता कार्यान्वयनको आचारसंहिता कार्यान्वयन समिति गठन गरिनेछ। पक्षलाई सहयोग पुर्‍याई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनु पर्नेछ।

(ख) अनुगमन समितिलाई सहयोग पुर्‍याउनु पर्ने : यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराईनेछ।

(२) पदाधिकारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रबन्ध गर्न देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गरिनेछ।

(क) नागरिक वडापत्र मोजिम कार्य सम्पादन गर्नुपर्ने, नागरिक वडापत्र सम्बन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नु गराउनु पर्नेछ।

(ख) स्थानीय तहले नागरिक वडापत्रमा उल्लेख भए अनुसार छिटो छरितो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानविनबाट सेवाग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नुपरेको देखिएमा पिडित पक्षलाई उचित उपचार र क्षतिपूर्ति उपलब्ध हुने व्यवस्था गर्नु गराउनु पर्नेछ।

(३) कुनैपनि पदाधिकारीले आफुकहाँ आएको गुनासो तत्कालै सुनने व्यवस्था मिलाई फछ्यौंट गर्नु पर्नेछ।

## भाग - ४

## आचारसंहिताको पालन गर्ने गराउने व्यवस्था

१४. **आचारसंहिता अनुगमन समितिको गठन :**

(१) कुनै पदाधिकारीले यस आचारसंहिता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लंघ गरे, नगरेको समवन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि सभाले सभाका सदस्यहमध्येबाट देहाय बमोजिमका पदाधिकारी रहेको एक आचारसंहिता अनुगमन समितिको गठन गरिनेछ।

(क) सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको एक जना संयोजक

(ख) सभाका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको कम्तिमा एक जना महिला सहित दुई जना

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको एक जना अधिकृत कर्मचारी - सदस्यसचिव



(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिव माथि नै यस आचारसंहिताको उल्लंघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो विषयको छलफल, जाँचबुझ तथा निर्णय प्रकृयामा नीज सहभागी हुन पाउने छैनन्।

(३) यस आचारसंहिताको संयुक्त रुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सचिवमाथि कुनै उजुरी परेकोमा त्यस उपर सम्बन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नु पर्नेछ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।यस समितिका सदस्यहरु ल्यातार दुई कार्यकालभन्दा बढीका लागि निर्वाचित हुन सक्ने छैनन्।

तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत : समाप्त भएको मानिनेछ।

१५ **अनुगमन समितिको काम, कर्तब्य तथा अधिकार :**

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ,

(क) कुनै पदाधिकारीले आचारसंहिता उल्लंघन गरे, नगरेको सम्बन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्नेछ।

(ख) जाँचबुझ तथा छानविनका सिलसिलामा समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने अधिकार हुने।

(ग) अनुगमन समितिका सदस्यहले स्थानीय तहको सिफारिश तथा आमन्त्रणमा स्थानीय तहको जुनसकै बैठकमा उपस्थित भई आफ्नो कामका विषयमा जानकारी दिन सक्नेछन्।

(२) अनुगमन समितिको कामको आवश्यक जनशक्ति, काग गर्ने ठाउँ, सामग्री तथा उचित वातावरण बनाइदिने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

१६ **अनुगमन समितिको बैठक तथा कार्यविधि :**

(१) अनुगमन समितिको कार्य संचालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ,

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको विवरण सहितको राय प्रतिवेदन सम्बन्धित कार्यापालिकामा पेश गर्नु पर्नेछ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोक्न सक्नेछ।

१७ **अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधा :** अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु स्थानीय तहले तोके बमोजिम हुनेछ।

१८ **उजुरी :**

(१) स्थानीय तहको कुनै पदाधिकारीले पेशागत आचार उल्लंघन गरेमा त्यस विषयमा आचारसंहिता अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ।

(२) माथि (१) बमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लंघन गरेको हो सोको आधार प्रमाण



Scanned with CamScanner

खुलाउनु पर्नेछ। स्थानीय तहले उजुरी फारामको नमूना बनाई सबैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ।

(३) उजुरीको सम्बन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवालासँग थप विवरण वा कागजात माग गर्न सक्नेछ।

१९ गोप्य राख्नुपर्ने :

(१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानविन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ।

२० जाँचबुझ :

(१) यस आचारसंहितामा उल्लिखित आचारहरुको उल्लंघन गरेको विषयमा अनुगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्वाहीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ। प्रतिवेदन पेश गर्नुपूर्व सो समितिले देहायका प्रकृयाहरु पूरा गर्नु पर्नेछ।

(क) कुनै पदाधिकारीका विरुद्ध आचारसंहिता उल्लंघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनी जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) जाँचबुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ।

(३) सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित पदाधिकारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कार्वाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

२२ आचारसंहिताको उल्लंघनमा सजाय :

(१) यस आचारसंहिताको कार्यान्वयन गर्दा स्थानीय तहबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सोभन्दा बढी प्रकृयाहरु अपनाउन सकिनेछ।

(क) सम्बन्धित पदाधिकारीलाई सचेत गराउने।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने।

(ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने

(घ) प्रचलित ऐन कानुनको उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्वाहीका लागि लेखी पठाउने।

(२) आरोपित पदाधिकारीमाथि भएको कुनै पनि कार्वाहीका विषयमा निज कुनै राजनीतिक दलसँग आवद्ध भएको हकमा समवन्धित राजनितिक दललाई जानकारी गराउनु पर्ने।

२३ कार्वाहीको विवरण सार्वजनिक गर्नुपर्ने : आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा पदाधिकारीमाथि भएको कार्वाहीको विवरण आम जानकारीका लागि स्थानीय तहको सूचनापटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ। सोको जानकारी राजनीतिक दलहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारको सम्बन्धित विभाग/निकाय, स्थानीय प्रशासनलाई गराउनु पर्नेछ।



## भाग - ५

### विविध

२४. आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य हुने : यो आचारसंहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ।

